# साझेदारीका सिद्धान्तहरु प्रयोगका १० व्यावहारीक उपायहरु

१. संयुक्त राष्ट्रसंघ, गैरसरकारी संस्थाहरु र रेडक्रसहरुसंग गरिएका सबै साझेदारी/ सम्झौता/सहमतिहरुमा साझेदारीका सिद्धान्तहरुको स्पष्ट रुपमा उल्लेख गर्ने । साथै सबै पक्षहरुले साझेदारीका सिद्धान्तहरुको पालना गरे नगरेको कुराको मूल्यांकन गर्ने ।

२. आफ्नो वार्षिक प्रतिवेदनमा आफूले साझेदारीका सिद्धान्तहरुको कसरी व्यवहारमा प्रयोग गरिएको छ भनि उल्लेख गर्ने ।

३. सबै समन्वय बैठक र छलफलहरुको कार्यसंचालन विधिमा साझेदारीका सिद्धान्तहरु पनि एक अंग हुने कुरा सुनिश्चित गर्ने ।

४. परियोजनाको प्रस्ताव तैयार गर्दा उक्त परियोजना कार्यान्वयनका क्रममा साझेदारीका सिद्धान्तहरुलाई कसरी प्रयोग गरिनेछ भन्ने कुरा उल्लेख गर्ने ।

५. कर्मचारी नियुक्ती गर्दा साझेदारीका सिद्धान्तहरु उल्लेख गर्दै साझेदारीको सम्बन्धमा उक्त उम्मेदवारको विचार सोध्ने ।

६. कर्मचारी नियुक्ती गर्दा वा उनीहरुको मुल्यांकन गर्दा साझेदारी  सीप आवश्यक योग्यता हो भन्ने सुनिश्चित गर्ने ।

७. मानवीय संयोजकबाट र मानवीय निकायहरुको कार्यसम्पादनलाई  सुदृढ गर्नका लागि साझेदारीका सिद्धान्तहरुलाई पैरवीमा प्रयोग गर्ने ।

८. साझा मानवीय कार्ययोजना र एकिकृत आव्हान प्रक्रियाहरुको विकास  साझेदारीको सिद्धान्तको आधारमा गर्ने । साथै साझेदारीका सिद्धान्तहरु कुनै पनि देशमा संयोजन प्रयासको अंग कसरी हुन सक्छ भन्ने कुराको उल्लेख गर्ने ।

९. स्थानीय वा सरकारी निकायसंग कुराकानी गर्दा आफूले साझेदारीका सिद्धान्तहरुको पालना गर्ने कुरा उनीहरुले थाहा पाएको भन्ने सुनिश्चित गर्ने ।

१०. संचार माध्यमहरुसंग कुरा गर्दा साझेदारीलाई उल्लेख गर्ने र साझेदारीलाई साझेदारीका सिद्धान्तहरु अनुरुप कसरी अपनाइएको छ भन्ने कुरा उल्लेख गर्ने ।

साझेदारीका सिद्धान्तहरु उपलब्ध छन्:
**www.globalhumanitarianplatform.org**

ICVA सचिवालय